# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, पुस ३ गते २०६५ साल (अतिरिक्ताङ्क ४१(ख)


## भाग ५

## निर्वाचन आयोगको सूचना

२०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधान सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं. १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कंचनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. ४ बाट निर्वाचित संविधान सभाका सदस्यहरुले राजिनामा दिई रिक्त हुन आएको संविधान सभा सदस्यको निकट भविष्यमा हुने उपनिर्वाचनको लागि उल्लिखित जिल्लाका उल्लिखित निर्वाचन क्षेत्रहरुमा २०६४ साल चैत्र मसान्त सम्ममा १८ वर्ष उमेर पूरा भई कानून बमोजिम मतदाता हुन योग्य नेपाली नागरिकहरुको मतदाता नामावली संकलन तथा अद्यावधिक गर्न निर्वाचन आयोगले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ३ को उपदफा (३) तथा मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ को नियम ३ को उपनियम (१) को प्रयोजनको लागि देहाय बमोजिमको मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यक्रम प्रकाशन गरेको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संविधानसभा सदस्य उप निर्वाचन प्रयोजनका लागि
मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने सम्बन्धी कार्यक्रम - २०६५

| क्र.सं. | कार्यक्रम | | | लाग्ने दिन | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १. | कार्यक्रम टाँस तथा तत्काल कायम रहेको मतदाता नामावली प्रकाशन गर्ने | २०६५।९।२७ | २०६५।९।२७ | १५ | १० बजे | गा.वि.स.वा न.पा. वडा/प्र.ना.द.अ.को कार्यालय |
| २. | नामावली तथा विवरण संकलन<br>(क) मतदाता नामावलीमा नाम समावेश गर्ने विवरण<br>(ख) मतदाता नामावलीबाट नाम हटाउने<br>(ग) मतदाता नामावलीमा त्रुटि सच्याउने विवरण<br>(घ) दोहोरो नाम हटाउने | २०६५।९।२७ | २०६५।१०।२ | | कार्यालय समय | गा.वि.स.वा न.पा.वडामा रहेका मतदाता नामावली संकलन केन्द्र |
| ३. | नामावलीमा नाम समावेश गर्ने, त्रुटि सच्याउन र नाम हटाउन दरखास्त लिने प्रयोजनको लागि अद्यावधिक मतदाता नामावली (अनुसूची ७ समेत तयार गरेर) प्रकाशन गर्ने | २०६५।१०।३ | २०६५।१०।४ | २ | १६ बजे कार्यालय समयभित्र | स.ना.द.अ.को कार्यालय |
| ४. | नाम समावेश गर्ने, त्रुटि सच्याउन र नाम हटाउन छुट भएका व्यक्तिले दरखास्त दिने | २०६५।१०।५ | २०६५।१०।७ | ३ | कार्यालय समय | स.ना.द.अ. को कार्यालय |
| ५. | दाबी विरोधको प्रयोजनका लागि संशोधित मतदाता नामावली प्रकाशन गर्ने | २०६५।१०।८ | २०६५।१०।८ | १ | कार्यालय समय | स.ना.द.अ. कार्यालय |
| ६. | मतदाताको दावी विरोधमा दरखास्त/सूचना दिने | २०६५।१०।९ | २०६५।१०।२१ | ३ | कार्यालय समय | स.ना.द.अ. को कार्यालय |
| ७. | दावी विरोध पर्न आएका मतदातालाई संशोधित मतदाता नामावलीबाट आफ्नो नाम हट्नु नपर्ने कारण भए प्रमाण सहित भनाइ पेश गर्न आउन सूचना प्रकाशन गर्ने | २०६५।१०।२२ | २०६५।१०।२२ | ३ | १० बजे | स.ना.द.अ./प्र.ना.द अ. को कार्यालय |
| ८. | दावी विरोध परेका मतदाताले प्रमाणसहित आफ्नो भनाइ पेश गर्न आउने | २०६५।१०।२२ | २०६५।१०।२४ | | कार्यालय समय | स.ना.द.अ. को कार्यालय |
| ९. | दावी विरोधको जाँचबुझ र पञ्जिकाधिकारीको कार्यालयको अभिलेखको आधारमा नाम हटाउनु पर्ने मतदाताको नाम संशोधित मतदाता नामावलीबाट हटाइएको सूचना प्रकाशन गर्ने | २०६५।१०।२५ | २०६५।१०।२६ | २ | कार्यालय समय | स.ना.द.अ. को कार्यालय |
| १०. | दोहोरो नाम रहेका मतदाताले आफ्नो नाम कुनै एक स्थानमा मात्र कायम गरी अन्यत्रबाट हटाउन एउटै जिल्लाभित्रको भए प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा र अन्तर जिल्ला भए निर्वाचन आयोगमा निवेदन दिने | २०६५।९।२७ | २०६५।१०।२६ | क्र.सं. १-९ सम्मको कार्यक्रम अवधिभर | कार्यालय समय | निर्वाचन आयोग / प्र.ना.द.अ./स.ना.द अ. को कार्यालय |
| ११. | सहायक नामदर्ता अधिकारीले अन्तिम मतदाता नामावली तयार गरी प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा पठाउने र सो को सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्ने | २०६५।१०।२७ | २०६५।१०।२९ | ३ | १० बजे | स.ना.द.अ. को कार्यालय |
| १२. | दोहोरो नाम हटाउन परेका निवेदन बमोजिम मतदाता नामावलीबाट नाम हटाइएका व्यक्तिहरुको सूची प्रकाशन गर्ने | २०६५।११।५ | २०६५।११।५ | | १० बजे | प्र.ना.द.अ.को कार्यालय |
| | मतदाता नामावली प्रशोधन तथा एकीकरण गर्ने | २०६५।११।१ | २०६५।११।१५ | १५ | | प्र.ना.द.अ.को कार्यालय |
| | प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०६५।११।१५ | २०६५।११।१५ | | १६ बजे | प्र.ना.द.अ को कार्यालय |
| | मतदाता नामावली सम्बन्धी ऐनको दफा २२ बमोजिम पुनरावलोकनको लागि आयोगमा निवेदन पेश गर्ने | २०६५।११।१५ | २०६५।१२।१९ | | | |

जम्मा ४७ दिन

द्रष्टव्य :-

१. कार्यक्रममा कार्यालय समय लेखिएको भएता पनि सो शब्दले कार्यालय समय अघिपछि वा बिदाको दिनमा काम गर्न बाधा अड्काउ नपर्ने । तर तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।
२. स.ना.द.अ. भन्नाले सहायक नामदर्ता अधिकारी भन्ने सम्झनु पर्छ र सहायक नामदर्ता अधिकारी मतदाता नामावली संकलन केन्द्रमा गएको अवस्थामा सोही स्थानलाई निजको कार्यालय सम्झनु पर्छ ।
३. प्र.ना.द.अ. भन्नाले प्रमुख नामदर्ता अधिकारी भन्ने सम्झनु पर्छ ।

आज्ञाले,
सुशील जंग बहादुर राणा
सचिव

1252

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५ ।–
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।